लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रदेश निजामती सेवा पुरस्कार छनोट सम्बन्धी मापदण्ड, २०८२

# प्रदेश निजामती सेवा पुरस्कार छनोट सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावना:** प्रदेशको निजामती सेवामा कार्यरत स्थायी कर्मचारीहरूलाई उत्प्रेरित गर्दै सार्वजनिक सेवा प्रवाह, सुशासन र विकास व्यवस्थापनमा भूमिका अभिवृद्धि गर्न प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम १२७ को उपनियम (५) बमोजिम प्रदेश निजामती सेवा पुरस्कार प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश निजामती सेवा पुरस्कार छनोट सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले प्रदेश निजामती सेवा ऐन, २०८० सम्झनु पर्छ।

(ख) "निकाय" भन्नाले प्रदेश सरकार मातहतका आयोग, सचिवालय, परिषद्, प्राधिकरण, प्रतिष्ठान वा कार्यालय सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले प्रदेश निजामती सेवा नियमावली, २०८० सम्झनु पर्छ।

(घ) "पुरस्कार" भन्नाले नियमावलीको नियम १२७ को उपनियम (१) बमोजिमको प्रदेश निजामती सेवा पुरस्कार सम्झनु पर्छ।

(ङ) "प्रमुख निकाय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले नियमावलीको नियम १२७ को उपनियम (४) बमोजिमको समिति सम्झनु पर्छ।

३. **प्रदेश निजामती सेवा पुरस्कार:** ऐनको दफा १२८ बमोजिम प्रदान गरिने पुरस्कारको प्रकार, पुरस्कार राशी र पुरस्कृत हुने सङ्ख्या देहाय बमोजिम हुनेछः-

(क) सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार (एक जनालाई) - एक लाख रुपैयाँ

(ख) उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार (दुई जनालाई) - जनही पचहत्तर हजार रुपैयाँ

(ग) प्रदेश निजामती सेवा पुरस्कार (चार जनालाई) – जनही पचास हजार रुपैयाँ

४. **पुरस्कार सिफारिस समिति:** नियमावलीको नियम १२७ को उपनियम (४) को अधीनमा रही प्रदेश निजामती सेवा पुरस्कार सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारको प्रमुख सचिव | - अध्यक्ष |
| (ख) | प्रदेश सचिव (कानुन) | - सदस्य |
| (ग) | प्रदेश सरकारले तोकेको सचिव | - सदस्य |
| (घ) | कम्तीमा एघारौं तह वा सो सरहको पदबाट सेवा निवृत कर्मचारी मध्ये प्रदेश सरकारले तोकेको व्यक्ति | - सदस्य |
| (ङ) | प्रमुख निकायको सचिव | -सदस्य सचिव |

५. **समितिको बैठक र निर्णय:** (१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउने छ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिका बहुमत सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(४) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा सदस्यहरूको बहुमतको आधारमा निर्णय हुनेछ र त्यसरी निर्णय गर्दा मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

६. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) प्रमुख निकायले पुरस्कार सिफारिस गर्ने प्रयोजनका लागि प्रत्येक वर्ष समयावधि तोकी सो सम्बन्धी सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि मन्त्रालय वा निकायले आफू मातहत कार्यालयलाई पुरस्कार प्राप्त गर्न सम्भाव्य उम्मेदवारको नामावली पठाउन लेखी पठाउनु पर्नेछ।

(३) मन्त्रालय वा निकायले उपदफा (२) बमोजिम प्राप्त कर्मचारीको नामावली समेतको मूल्याङ्कन गरी नियमावलीको अनुसूची-३२ को खण्ड (ग) को उपखण्ड (१) मा उल्लिखित कर्मचारी संख्याको अनुपातको आधारमा पुरस्कार प्राप्त गर्ने सम्भाव्य कर्मचारीहरूको छनोट गरी प्राथमिकीकरण सहित समितिसमक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा कर्मचारीले पेश गरेको निवेदन तथा अनुसूची-१ बमोजिमको स्वघोषणा फाराम समेत संलग्न गर्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले आफू पुरस्कारको लागि योग्य भएको दाबी गरी सम्बन्धित मन्त्रालय वा निकायमा नियमावलीको नियम १२७ को उपनियम (५) तथा यस मापदण्डमा तोकिएको आधार बमोजिम अनुसूची-१ बमोजिमको स्वघोषणा र अनुसूची-२ बमोजिमको पुष्ट्याई विवरण फाराम समेत संलग्न गरी व्यक्तिगत रूपमा पुरस्कारको मागदाबी सहित सम्बन्धित मन्त्रालय वा निकायमा निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित मन्त्रालय वा निकायले सो समेत अध्ययन गरी उपदफा (३) बमोजिमको सूचीमा समावेश गर्नुपर्ने भए समावेश गरी समिति समक्ष पठाउनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम सिफारिस गर्दा दफा ३ मा उल्लिखित पुरस्कारहरूमध्ये कुन पुरस्कारको लागि सिफारिस गरिएको हो सोको विवरण र के बापत पुरस्कार पाएको हो सोको कारण सहितको व्यहोरा स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(८) प्रदेश सरकारका सचिवको सिफारिस प्रमुख सचिवबाट हुनेछ।

(९) यस दफा बमोजिम पुरस्कार प्रयोजनको लागि कर्मचारीको छनोट गर्दा नियमावलीको अनुसूची-३२ मा उल्लिखित कार्यविधि समेत अवलम्बन गर्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो मापदण्ड लागू भएको पहिलो वर्ष प्रमुख निकायले छुट्टै अवधि तोकी सूचना प्रकाशन गरी छनोट सम्बन्धी अन्य काम कारबाही गर्न, गराउन सक्नेछ।

७. <u>पुरस्कार प्रदान गर्ने मापदण्ड र आधारः</u> समितिले नियमावलीको नियम १२७ को उपनियम (५) मा उल्लेख भए बमोजिम देहायको मापदण्डको आधारमा पुरस्कारको लागि कर्मचारीको छनोट गर्नु पर्नेछः-

**(क) सेवा सर्त सम्बन्धी मापदण्डः**

(१) प्रदेश निजामती सेवाको स्थायी पदमा सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागि कम्तीमा दश वर्ष, उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागि सात वर्ष र प्रदेश निजामती सेवा पुरस्कारको लागि पाँच वर्ष सेवा गरेको,

(२) पछिल्लो तीन वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(३) निजको नाममा व्यक्तिगत बेरुजु कायम नदेखिएको,

(४) सम्पत्ति विवरण नियमित रूपमा पेश गरेको,

(५) पछिल्लो तीन वर्षमा गयल कट्टीमा नपरेको,

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(६) व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको,

(७) प्रचलित कानुन बमोजिम बरबुझारथ तथा संस्थागत स्मृति हस्तान्तरण गरेको,

(८) पछिल्लो तीन वर्ष अनुशासन सम्बन्धी अन्य कुनै कारबाही नभएको,

(९) असाधारण विदा लिएको भए त्यस्तो बिदा पछि हाजिर भएको अवधि कम्तीमा एक वर्ष पूरा भएको,

(१०) पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको,

(११) विगत दुई वर्षमा नेपाल सरकार र प्रदेश सरकारबाट तक्मा, विभुषण, पुरस्कार प्राप्त नगरेको,

(१२) दुर्गम क्षेत्रमा सेवा गरेको, कठिन तथा जोखिमयुक्त काम गरेको र विपद्/महामारी व्यवस्थापनमा उल्लेखनीय योगदान पुर्‍याएको।

**(ख) सिर्जनशीलता सम्बन्धी मापदण्डः**

(१) नवप्रवर्तनात्मक (इनोभेटिभ) कार्य प्रस्तुत गरी प्रदेश निजामती सेवामा योगदान गरेको,

(२) सेवाग्राहीमैत्री वातावरण अभिवृद्धि गरेको,

(३) प्रदेश निजामती सेवामा थप योगदान (भ्यालु एड) गर्ने काम गरेको,

(४) सुशासन अभिवृद्धि गर्ने काम गरेको,

(५) शिष्टाचारयुक्त व्यवहार, सदाचारयुक्त आचरण प्रदर्शन गर्ने गरेको,

(६) कार्यालयमा राम्रो अन्तर वैयक्तिक सम्बन्ध कायम गरेको,

(७) सेवाग्राहीमैत्री शिष्ट तथा नम्र भाषा र शैली सहित सञ्चार सिप भएको,

(८) पुरस्कार पाउन योग्य विशिष्ट प्रकारको योगदान गरेको,

(९) समूहमा काम गर्ने तथा समूह गतिशिलतालाई महत्त्व दिने गरेको,

(१०) सुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनमा नवीन तथा सृजनशील अवधारणाको विकास र कार्यान्वयन गरेको,

(११) इमान्दारी र निष्ठायुक्त व्यवहार तथा सकारात्मक सोँचयुक्त आचरण भएको

८. <u>पुरस्कार सिफारिस गर्दा ध्यान दिनुपर्ने विषयहरुः</u> मन्त्रालय वा निकायले पुरस्कार सिफारिस गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) नियमावलीको नियम १२७ को उपनियम (५) र यस मापदण्डको दफा (७) मा तोकिएका मूल्याङ्कनका आधार र पुष्टायाई सहितको अनुसूची-२ बमोजिमको ढाँचामा फाराम भरी पठाउनुपर्ने,

(ख) नियमावली तथा यस मापदण्ड बमोजिमको कार्यविधि अवलम्बन गरी पुरस्कार सिफारिस गर्नुपर्ने,

(ग) सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार आदर्शवान, नैतिकवान, सच्चरित्रवान, अनुकरणीय, सकारात्मक र शिष्टाचारयुक्त, नवप्रवर्तनीय सोँच सहित कार्य सम्पादनमा अब्बल कर्मचारी हुनु पर्ने भएको हुँदा सम्बन्धित मन्त्रालय वा निकायले उल्लिखितं विषयलाई मापनयोग्य सूचक सहित मूल्याङ्कन गरी सो को आधारमा सिफारिस गर्नुपर्ने।

(घ) सम्भव भएसम्म ऐनको दफा (४) बमोजिमका फरक फरक सेवा र तहमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई समावेश गर्नुपर्ने।

९. <u>पुरस्कार सिफारिसः</u> (१) समितिले दफा ६ बमोजिम मन्त्रालय तथा निकायबाट प्राप्त सिफारिस नियमावली तथा यस मापदण्डमा उल्लिखित आधार मूल्याङ्कन गरी उपयुक्त पुरस्कारको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

तर त्यसरी मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय वा निकायबाट सिफारिस भई आएकोभन्दा फरक किसिमको पुरस्कार पाउने देखिएमा सोही बमोजिमको पुरस्कारको लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्न बाधा पर्ने छैन।

(२) समितिले पुरस्कारको लागि सिफारिस गर्दा सम्भव भएसम्म भौगोलिक रूपमा समेत सन्तुलन हुने गरी कर्मचारीको नाम सिफारिस गर्नु पर्नेछ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुरस्कार प्राप्त गर्न योग्य कर्मचारी नभेटिएका समितिले दफा ३ मा उल्लिखित पुरस्कृत हुने सङ्ख्याभन्दा घटी हुने गरी पुरस्कार सिफारिस गर्न बाधा पर्ने छैन।

१०. <u>पुरस्कार प्रदान गर्ने मितिः</u> प्रदेश निजामती सेवा पुरस्कार निजामती सेवा दिवसको अवसरमा प्रत्येक वर्ष भदौ २२ गते प्रदान गरिनेछ।

११. <u>पुरस्कारको अभिलेखः</u> प्रदेश निजामती सेवा पुरस्कार प्रदान गरेको अभिलेख पर्नेछ।

१२. <u>पुनः पुरस्कार प्राप्त गर्न नसक्ने</u>: कुनै निजामती कर्मचारीले प्रदेश निजामती सेवा पुरस्कार प्राप्त गरेको दुई वर्ष पूरा नगरी प्रदेश सरकारबाट कुनै पुरस्कार प्रदान गरिनेछैन र पाँच वर्षसम्म सोही पुरस्कारको लागि पुनः सिफारिस गरिने छैन।

१३. **पुरस्कारको रकममा कर नलाग्ने:** यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कार रकम उपर कुनै कर लाग्ने छैन।

१४. **पुरस्कार रद्द गरिने:** (१) कुनै कर्मचारीले झुटा विवरण पेश गरी पुरस्कार प्राप्त गरेको ठहरिएमा प्रदेश सरकारले त्यस्तो पुरस्कार रद्द गरी सो बापत सम्बन्धित कर्मचारीले प्राप्त गरेको पुरस्कार राशि फिर्ता गर्न लगाउनेछ।

(२) उपदफा (१) बमोजिम झुटा विवरण पेश गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

१५. **बाधा अड्काउ फुकाउ:** यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार प्रमुख निकायलाई हुनेछ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका, दिउरी, नेपाल

अनुसूची-१

दफा ६ को उपदफा (४) र (५) सँग सम्बन्धित

## स्वघोषणा फारम

१. कर्मचारीको वैयक्तिक विवरण (सम्बन्धित कर्मचारीले भर्नुपर्ने)

| | |
|---|---|
| (क) सिफारिस गरिएको कर्मचारीको नाम, थरः | |
| (ख) हाल कार्यरत कार्यालयः | |
| (ग) पद/श्रेणीः | (घ) सेवा/समुह/उपसमुहः |
| (ङ) शुरु नियुक्ति मितिः | (च) हालको पदमा नियुक्ति मितिः |
| (छ) कर्मचारी संकेत नम्बरः | (ज) लिङ्गः |
| (झ) खस आर्य/आदिवासी जनजाती/मधेशी /दलित/थारु/विपन्न/ मुस्लिम/अपाङ्ग/पिछडिएको वर्ग/क्षेत्र/सीमान्तकृत/लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकः | (ञ) कर्मचारीको सम्पर्क नं.: (मोबाइल नम्बर) |

सम्बन्धित कर्मचारीको,-

दस्तखतः

नाम, थरः

कार्यालयको नामः

मितिः

__नोटः__ प्रदेश निजामती सेवा पुरस्कार प्राप्त गर्न इच्छुक कर्मचारीले निजले प्रदेश निजामती सेवाको पदमा गरेको विशिष्ट योगदान, आफ्नो जिम्मेवारीसँग सम्बन्धित विषयमा गरेको अनुसन्धान, खोज, नवीन सोँच/इनोभेटिभ आइडिया र नयाँ प्रविधिको विकास मार्फत् कार्यरत निकायको कार्यसम्पादनमा पुऱ्याएको प्रत्यक्ष योगदान सम्बन्धी विषय बढीमा सय शब्दमा खुलाई सोसमेत पेश गर्नु पर्नेछ।

अनुसूची-२

(दफा ६ को उपदफा (५) र दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

**पुस्टयाई विवरण फाराम**

**कर्मचारीको वैयक्तिक विवरणः**

| | |
|---|---|
| (क) सिफारिस गरिएको कर्मचारीको नाम, थरः | |
| (ख) हाल कार्यरत कार्यालयः | |
| (ग) पद/श्रेणीः | (घ) सेवा/समुह/उपसमुहः |
| (ङ) शुरु नियुक्ति मितिः | (च) सङ्केत नम्बरः |
| (छ) लिङ्गः | (ज) हालको पदमा नियुक्ति मितिः |
| (झ) खस आर्य/आदिवासी जनजाती/मधेशी/दलित/ थारु/विपन्न/मुस्लिम/ अपाङ्ग/पिछडिएको वर्ग/क्षेत्र/सीमान्तकृत/लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकः | (ञ) सम्पर्क नं.: मोबाइल नम्बरः कार्यालयको सम्पर्क नम्बरः |

**(क) सेवा सर्त सम्बन्धी मापदण्डः**

| क्र.स. | विषय | छ | छैन | पुस्टयाईको आधार |
|---|---|---|---|---|
| १. | प्रदेश निजामती सेवाको स्थायी पदमा सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागि कम्तीमा दश वर्ष, उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागि सात वर्ष र प्रदेश निजामती सेवा पुरस्कारको लागि पाँच वर्ष सेवा गरेको | | | |
| २. | पछिल्लो तीन वर्षमा कुनै पनि विभागीय सजाय नपाएको | | | |
| ३. | निजको नाममा व्यक्तिगत बेरुजु कायम नदेखिएको | | | |
| ४. | सम्पत्ति विवरण नियमित रूपमा पेश गरेको | | | |
| ५. | पछिल्लो तीन वर्षमा गयल कट्टीमा नपरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको | | | |
| ७. | प्रचलित कानुन वमोजिम बरबुझारथ तथा संस्थागत स्मृति हस्तान्तरण गरेको | | | |
| ८. | पछिल्लो तीन वर्ष अनुशासन सम्बन्धी अन्य कुनै कारबाही नभएको | | | |
| ९. | असाधारण विदा लिएको भए त्यस्तो बिदा पछि हाजिर भएको अवधी कम्तीमा दुई वर्ष पूरा भएको | | | |
| १०. | पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको | | | |
| ११. | विगत दुई वर्षमा नेपाल सरकार र प्रदेश सरकारबाट तक्मा, विभुषण, पुरस्कार प्राप्त नगरेको | | | |
| १२. | दुर्गम क्षेत्रमा सेवा गरेको, कठिन तथा जोखिमयुक्त काम गरेको र विपद् तथा महामारी व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याएको | | | |

**(ख) सिर्जनशीलता सम्बन्धी मापदण्डः**

| क्र.स. | विषय | उच्च | मध्यम | सामान्य | पुस्टयांईको आधार |
|---|---|---|---|---|---|
| १. | नवप्रवर्तनात्मक (इनोभेटिभ) कार्य प्रस्तुत गरी प्रदेश निजामती सेवामा योगदान गरेको | | | | |
| २. | सेवाग्राहीमैत्री वातावरण अभिबृद्धि गरेको | | | | |
| ३. | प्रदेश निजामती सेवामा थप योगदान (भ्यालु एड) गर्ने काम गरेको | | | | |
| ४. | सुशासन अभिबृद्धि गर्ने काम गरेको | | | | |
| ५. | शिष्टाचारयुक्त व्यवहार, सदाचारयुक्त आचरण प्रदर्शन गर्ने गरेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | कार्यालयमा राम्रो अन्तर वैयक्तिक सम्बन्ध कायम गरेको | | | | |
| ७. | सेवाग्राहीमैत्री शिष्ट तथा नम्र भाषा र शैली सहित सञ्चार सिप भएको | | | | |
| ८. | पुरस्कार पाउन योग्य विशिष्ट प्रकारको योगदान गरेको | | | | |
| ९. | समूहमा काम गर्ने तथा समूह गतिशिलतालाई महत्त्व दिने गरेको | | | | |
| १०. | सुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनमा नवीन सोँचलाई उपयोग गरेको | | | | |
| ११. | इमान्दारी र निष्ठायुक्त व्यवहार तथा सकारात्मक सोचयुक्त आचारण भएको | | | | |

सम्बन्धित मन्त्रालय वा निकायको सचिव वा प्रमुखको,-

दस्तखतः

नाम, थरः

कार्यालयको नामः

मितिः

छापः

(*नोटः* *दफा ६ को उपदफा (५) बमोजिम कर्मचारी आफैले पुरस्कारको लागि आवेदन गरेकोमा यो फाराम निज आफैले भरी आफ्नो नाम, दस्तखत, कार्यालयको नाम र मिति उल्लेख गर्नु पर्नेछ।*)